# राज्यको पुन:संरचना बाँदरको खेल होइन

- युवराज संग्रौला

एउटा राष्ट्रलाई समृद्ध बनाउन त्यसका नागरिकहरूको नै ठूलो भूमिका हुन्छ । सामाजिक उन्नती र राष्ट्रको एकताको निर्माण गर्नका लागि विभिन्न विविधताका माझबाट केही आधारभूत 'साझा राष्ट्रिय मान्यता' वा 'संस्कृति' को विकास गर्नुपर्दछ र त्यस्तो साझा 'राष्ट्रिय मान्यता' को विकास गर्न नागरिकले नै सबैभन्दा सक्रिय र क्रियात्मक भूमिका खेल्नु पर्दछ । आज नेपालमा यो साझा राष्ट्रिय मान्यताको अभाव देखिएको छ । सडकमा देखिएका अराजकता कानुन र शान्तिको अपमान अतेन्त विकराल बन्दै गएका छन् भने व्यक्तिगत स्वार्थहरू र अर्काको अस्तित्वलाई नकार्ने, अपमान गर्ने र आफ्नो अस्तित्वलाई निरंकुशतापूर्वक कामय गर्न खोज्ने प्रवृत्तिहरू बढिरहेका छन् । यी प्रवृत्तिहरू प्रति आम नागरिकको चेतना एकदमै कमजोर देखिएको छ । यदी यी प्रबृत्तिहरुका विरुद्ध बौद्धिक चेतनाको ऐक्यवद्धता निर्माण गर्ने हो भने राष्ट्रले ठुलो संकटको सामना गर्नुपर्ने छ ।

राष्ट्रिय साझा 'मान्यता वा संस्कृति' को निर्माण, विकास र प्रर्वद्धनमा अगुवा नागरिकको भूमिका मुर्धन्य हुन्छ । राजनीतिक दलहरूका आफ्ना वैचारिक दृष्टिकोणहरूले गर्दा 'सामाजिक विकास एवं राष्ट्रिय एकता' दुवै कुरामा उनीहरुका समष्टि विचार नहुन सक्तछन । खासगरी उनीहरू 'सामाजिक विकास र राष्ट्रिय एकतामा' भन्दा 'आफ्ना वैचारिक मान्यता' वढि प्रतिवद्ध रहन्छन् र त्यसैकारण उनीहरूको दृष्टिकोण सीमित घेराभित्र साँघुरिने मात्रै होइन, संकुचित पनि हुन्छन् । त्यसैकारण सामाजिक विकास र राष्ट्रिय एकताको प्रश्नमा नागरिक समाजले भूमिका खेल्नुपर्ने कारण राजनीतिक दलहरूका बैचारिक संकुचनमा नै निहित रहेको हुन्छ । सर्वमान्य सिद्धान्त के हो भने हरेक राजनीतिक पार्टीका एजेण्डाहरू हुन्छन् । एजेण्डाहरु समग्र विकासका लागि कहिलेकाही अवरोधजन्य पनि हुन सक्तछन् । नेपालको वर्तमान अवस्थाले यस भनाईलाई उजागर गरिरहेको छ । त्यसैले यस सम्बन्धमा धेरै कुरा भन्नु पर्दैन । राजनीतिक दलहरुका आत्मकेन्द्रित मान्यताहरुले वर्तमान समयमा अग्रगमनका लागि अनेकौं अवरोधहरु सृजना गरिरहेका छन् ।

राष्ट्रको सामाजिक उन्नतीको आधार लोकतन्त्रमा टिकेको हुन्छ । लोकतन्त्रलाई फराकिलो संरचनाभित्र संस्थागत गर्ने योजनाको अभावमा सामाजिक उन्नतिको परिकल्पना गर्न सकिदैन । नेपालमा पटक पटक जनताले महान आन्दोलनहरू गरेका छन् । तर ती आन्दोलनलाई आम जनताको 'सामाजिक रूपान्तरण' र 'आर्थिक प्रगति' प्रति लक्षित गर्न राजनीतिक दलहरु असफल भएका छन् । राजनैतिक दलहरूका दृष्टिकोणहरूको संकुचितता नै त्यस असफलताका मुख्य कारणहरू हुन भन्ने कुरालाई अहिलेको तनाव एवं अराजकतापूर्ण कुराहरूले पनि प्रमाणित गरेका छन् । लोकतन्त्रको आधारसिलामा सामाजिक 'प्रगति र राष्ट्रिय एकताको' आधार त्यसबेला सम्म निर्माण गर्ने परिकल्पना नै गर्न सकिन्न, जब संक्रमणकालिन अवस्थामा राजनीतिक दलहरू 'वैचारिक संकुचितताबाट मुक्त भएर नागरिकहरूका चाहना अनुसार कार्य गर्न चाँहदैनन् ।' अहिलेको नेपाले भोगीरहेको नियती यहि नै हो । राजनीतिक दलहरुसँग समृद्ध नेपालको कुनै योजना नै छैन । सामाजिक आर्थिक सम्मुनतिका कुनै कार्यक्रम नै छैनन् । त्यसैले अहिले राष्ट्र भ्रमको जालोमा घेरिएको छ ।

संक्रमणकालबाट राष्ट्रलाई अग्रमगन तर्फै लैजान नेपाली समाजले राज्यका विद्यमान निकाय एवं नीतिहरूको पुर्नसंरचनाको आमूल नक्सा तयार पार्नुपर्ने अनिवार्यतालाई हल्का ठान्नु हुँदैन र यस विषयलाई दलहरुले केवल राजनीतिक लाभका दृष्टिकोणले मात्र विचार पनि गर्नु हुँदैन । संक्रमणबाट अग्रगमन र स्थायित्वमा रूपान्तरण गर्ने कुरामा हुने कमजोरीले राष्ट्रको अस्तित्वलाई नै चूनौती दिन्छ भन्ने कुरामा गम्भीर हुनुपर्दछ । त्यसो गर्दा सबैभन्दा प्रथामिक र सबैभन्दा महत्वपूर्ण कुरा त लोकतान्त्रिक परिपार्टीको संस्थागत विकासका लागि सर्वप्रथम सामाजिक विज्ञानका तीनवटा आधारभूत सिद्धान्तहरूलाई अनुसरण गर्नुपर्ने बाध्यता प्रति राजनीतिक दलहरु गम्भिर हुनुपर्दछ ।

१. समाजको व्यवस्थापनमा र राज्यको संचालनका सन्दर्भमा जुनसुकै वर्ग र समुदायले उठाएका सरोकार र चाहनाहरूलाई दबाउनु वा दमन गर्नु हुँदैन । बरु तिनीहरूलाई गभीरताका साथ सुन्नु पर्छ । यस अर्थमा वर्तमान नेपाली राजनीतिक पृष्ठभूमिका उठिरहेका विभिन्न जातजाती, जनजाती, आदिवासी वर्ग, लिङ्ग र विभिन्न सामाजिक हैसियतमा बाँचिरहेका जनताले व्यक्त गरेका सरोकार एवं चाहनाहरूको अभिलेख तयार गर्नुपर्छ । लोकतान्त्रिक संस्थापन र सामाजिक रूपान्तरणको प्रक्रियालाई मार्ग निर्देशित गर्न एउटा आयोगको व्यवस्था गरी सबै किसिमका सरोकारहरूको अभिलेख गर्ने र छलफलको वातावरण बनाउने व्यवस्था गर्न सकिएको भए देशले आजको अराजकता भोग्नुपर्ने अवस्था आउने थिएन । तर राजीतिक दलहरूको हठ, अकर्मण्यता र आफूभित्रै प्रजातन्त्रको विकास गर्न नचाहने सामन्ति चरित्रले नागरिकका सरोकारहरू कुण्ठित मात्रै भएका छैनन्, बरु दमन हुनसक्ने खतरा बढ्दै गईरहेको छ । अव पनि त्यसो गर्न सकिएन भने संविधान सभाबाट संविधान बनाउने कुरा फलामको चिउरा बन्ने मात्रै होइन संविधान सभा स्वयं देशको विगठनको कारण बन्न सक्नेछ ।

२. सरोकार र चाहनाहरूलाई छलफल र वार्ता (डाइलग)मा रूपान्तरण गर्नु पर्दछ । विवादमा परिणत गर्नु हुँदैन । यस आधारभूत नियमलाई पनि राजनीतिक दलहरूले हेक्का राखेनन् । शान्ति सम्झौता गरे अनि संविधान सभाको बारेमा निर्णय पनि गरे । तर त्यस शान्ति सम्झौतामा उल्लेख भएका आफैंले स्वीकार गरेका कुराहरूलाई आफैले उल्लंघन पनि गरे । उदहारणकै लागि एउटा दलले शान्ति सम्झौतामा समानुपातिक निर्वाचन प्रणाली र जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको कुरा उठाएर मधेशमा आन्दोलनलाई आगडि ल्यायो । यस्ता कुराले सरोकारलाई छलफल र निस्कर्षमा होइन विवादमा रूपान्तरण गर्न मद्दत गर्छन भन्ने कुरामा विवाद छैन । मधेसी जनता र जनजातीले उठाएका मागहरूलाई राजनीतिक दलहरूले ध्यान दिएनन् तर जब जनताले सडकमा प्रदर्शन गर्न थाले सबै राजनीतिक दलहरू समस्याको छलफलद्वारा निकास खोज्नमा होइन आफ्नो भोट बैंक निर्माण गर्न जातीय संगठनको निर्माण गर्न लागे । जनताले निकास खोजेका थिए, पार्टीहरूले त्यो खोज्न चाहेनन् तर जनतालाई आफ्नो पक्षमा तान्ने प्रतिस्पर्धामा उत्रिए उनीहरू । यस कुराले संविधान सभाको प्रक्रियालाई नै अवरुद्ध बनाईरहेको छ ।

समस्यालाई उनीहरूले विवादमा परिणत गरे । लोकतन्त्रमा छलफलद्वारा निकालिने निस्कर्षमात्रै भरपर्दो र विश्वासिलो हुन्छ । क्षणिक फाइदा लिने मनसायद्वारा गरिने लोकप्रियताका कार्यक्रमले त अन्तमा राष्ट्रकोअस्तित्वलाई नै घात गर्दछ ।

३. लोकतन्त्रमा छलफल र निस्कर्ष निर्माण गर्ने प्रक्रियामा छलकपट हुन सक्तैन केवल लोकतान्त्रिक पद्दतीलाई मात्र ग्रहण गर्न सकिन्छ । तर नेपली राजनीतिक वृत्तले यसलाई पनि अनुसरण गरेन । उदाहरणका लागि मधेसको आन्दोलन र जनजातीका मागहरूलाई सम्बोधन गर्न आयोग निर्माण गरियो, तर आयोगले उनीहरूसँग छलफल गरिने बरु एकाएक संसदमा उनीहरूको मागका बारेमा संविधान संशोधन गरियो । निस्कर्ष सकारात्मक आयो होला, तर प्रक्रिया लोकतान्त्रिक हुन सकेन । यसले समस्यालाई समाधान गरेन बरु झन जटिल बनायो ।

उपरोक्त तिनवटा आधारभूत सिद्धान्तलाई अनुशरण गर्न नसक्दा आज हरेक नागरिक र समुदाय एक अकाप्रति नै आविश्वासको घेराभित्र धकेलिएका छन् । अनि केही चतुर मानिसहरू त्यस धमिलो पानीमा माछा मार्ने प्रयास गरिरहेका छन् । सारांशमा भन्दा राजनीति निस्कर्षले कुनै निकास पाउन सकिरहेको छैन । नेपाली जनताको महान आन्दोलनले नेपाली राज्यको नीति एवं निकायको संरचनाको जनादेश दिएको थियो र जनआन्दोलनले द्वन्द्व रुपान्तरणले उत्साह बोकेको थियो । यस पुर्नसंरचनाको चाहनामा कुनै जातजाती, जनजाती र वर्गको विचमा मतविरोध पनि थिएन । सबैको चाहना संविधानसभाको निर्वाचन र त्यसबाट बन्ने संधिवानद्वारा पुर्नसंरचनाको उद्देश्य पुरा होस् भन्ने थियो । तर तत्कालिन सात दलको सरकारले हरेक कुरा समाधानतर्फ होइन, विवादतर्फ मोड्यो । सातदल र आन्दोलन पछाडि बनेको सरकारले लोकतन्त्रको ढाँचा निर्धारण गर्न चारवटा 'राजनीतिक मान्यता' मा किन्चित ध्यान दिन सकेन,

परिणामस्वरूप पुर्नसंरचना खासगरी संघिय व्यवस्था बाँदरको हातमा नरिवल बन्न पुगेको छ । अहिले राष्ट्र समस्याबाट जलिरहेको छ । रोम जन्दैछ सम्राट बाँसुरीमा मग्न छ ।

केही व्यक्तिलाई संघिय शासन प्रणाली आजै तत्काल चाहिएको छ । किनभने उनीहरूलाई मुख्यमन्त्री बन्नुपर्ने होला । तर संघिय प्रणालीको स्थापना गर्ने जनादेश संविधान सभालाई मात्र हुन्छ । दलितहरू संघीय राजयकोपक्षमा नभएका अभिव्यक्ति कोही कोहीले दिँदारहेछन् किनभने उनीहरूको जनसंख्या छरिएको हुनाले अलग राज्य बन्दो रहेनछ । अर्थात संघियता लोकतन्त्रको सुदृढिकरण र जनताको सार्वभौमिकताका लागि होइन, आफ्ना व्यक्तिगत आकांक्षा र आग्रहको लागि मात्र माग भईरहेको आभास भईरहेको छ । अर्कातिर केही दललाई फेरी पनि संघियता लोकतान्त्रिक मान्यता र विस्वास होइन, भोटको माध्यम मात्र भएको छ ।

नेपाली जनताले चाहेको संघीयता 'स्वतन्त्र राज्यहरूको सम्झौताबाट' संघराज्य निर्माण गर्ने होइन । यहाँ संघियताको अर्थ एकात्मक राज्य व्यवस्थाका केन्द्रीय सरकारले प्रयोग गर्ने निरंकुश अधिकारलाई समाप्त पारी राज्यको अधिकारलाई ठाडो वा तलमाथि विभाजन गर्ने लोकतान्त्रिक प्रक्रिया हो भन्ने कुरा बुझ्न राजनीतिक दलहरू र सरोकारवालाहरू पनि तयार छैनन् । केही संघको माग राखेर त्यसो नभए देशलाई टुक्र्याउन धम्की दिँदैछन् । उनीहरूलाई प्रश्न गर्न सकिन्छ राष्ट्रप्रति तपाईको सम्मान खोई त ? कोही संघीयताले राज्य फुटाउँछ भनेर कुर्लिदैछन् । उनीहरूलाई प्रश्न गर्न सकिन्छ लोकतन्त्रप्रतिको तपाईंको बुझाई यति नै हो ? स्पष्ट के देखिन्छ भने राष्ट्रियता र सामाजिक उन्नति होइन व्यक्तिगत चाहना र आकाक्षाहरु राजनीतिमा धनिभूत भईरहेका छन् ।

संघिय राज्य व्यवस्थाको निर्माणको माग लोकतन्त्रप्रतिको आधारभूत विश्वासको प्रश्न हो । यसबाट राज्य विभाजनको समस्या कदापी आउँदैन यदि नेपाली राज्यले अपनाउनुपर्ने संघियताको बारेमा प्रष्ट हुन सकियो भने । संघिय राज्यको निर्माण नेपालको सन्दर्भमा केवल एउटा त्यस्तो सामान्य लोकतान्त्रि प्रक्रिया हो जसले केन्द्रीय सरकारको अधिकारलाई जनताका स्थानीय सरकारमा हस्तान्तरण गर्दछ । दुईवटा आधारभूत आवश्यकताले यसको औचित्यतालाई पुष्टि गर्दछन् ।

१) संघीय राज्यको अवधारणा जनताको प्रत्यक्ष प्रतिनिधित्व सँग सम्बन्धित छ । जनताले स्थानिय तहमा नै सरकारको अनुभूति गर्न पाउँछन् । उनीहरूले केन्द्रमा र स्थानीय तहमा प्रतिनिधि निर्वाचन गर्दछन् र त्यसबाट सरकारमा नियन्त्रणको संयन्त्र निर्माण गर्दछन् । यसले जनतामा सार्वभौमसत्ताको प्रयोग आफुले गरेको अनुभूति प्रदान गर्छ ।

२. जनताले विकासका कार्यक्रममा सहजता प्राप्त गर्दछन । संघियताको अर्को विशेषता स्रोत र संसाधनमाथि स्थानीय नियन्त्रणको प्राप्ति हो ।

यदि संघियतालाई लोकतान्त्रिक परिपार्टीको सन्दर्भबाट हेरियो भने यसमा चुनौती रहँदैनन् । तर यसलाई भाषा, जात वा धर्मका आधारमा कुनै एकले अर्कोमाथि शासन गर्ने राज्यन्त्र निर्माणका दृष्टिकोणबाट हेरियो भने राष्ट्रको अस्तित्व विखण्डन तर्फ नै जान्छ । त्यसैले राजनीतिक दलहरू एवं सरोकारवालाहरूले यसलाई बुझ्न र छलफल गर्न शुरुगर्नु आवश्यक छ । सबैभन्दा पहिला त संघिय प्रणाली किन चाहिएको हो भन्ने प्रश्नमा सहमति निर्माण हुनुपर्छ । त्यसपछि यसको ढाँचा कस्तो हुनुपर्छ भन्ने कुरामा पनि सहमति बन्नु पर्छ । अर्थात कति शक्ति केन्द्र र प्रान्तको प्रयोग गर्ने हो भने उत्तरमा सहमति हुनु पर्दछ । भारत लगायत स्विजरलैण्ड जस्ता जातिय तथा भाषिक विविधता भएका देशहरुले लोकतान्त्रिक शासन पद्दतिलाई नै सामाजिक उन्नति र राष्ट्रिय एकटाको साझा मान्यता बनाएका छन् । त्यसैले उनीहरुले केन्द्रिय सरकार र प्रान्तिय सरकारका अधिकारहरु संविधानमा नै परिभाषित गरेका छन् । उनीहरुले लोकतन्त्रलाई संघियताको आधार बनाएका हुँदा जातका नाममा, भाषाका नाममा प्रान्तहरुको गठन गर्दा कुनै समस्या देखिएको छैन । जस्तै वंगालीहरुका लागि बंगाल, कनाडाहरुका लागि कर्नाटक मराठीहरुका लागि महाराष्ट्र आदि । प्रश्न त्यस अर्थमा प्रान्तले प्राप्त गर्ने अधिकार प्रति जनताको आम सहमति हो । आम सहमति वार्ता र छलफल, अनि

आधारहरुको वैज्ञानिक खोजीनितिबाट निर्माण गर्न सबिन्छ । त्यसले अहिले प्रान्तको सिमाना निर्धारण गर्ने बेला होइन । प्रान्तलाई कति अधिकार दिने हो र तिनीहरुले लोकतन्त्रको प्रत्याभूति कसरी गर्न सक्तछन् भन्ने कुरामा बहस हुनुपर्ने बेला हो । अर्थात सह-अस्तित्वको अवस्था कसरी खोज्न सकिन्छ भनेर छलफल गर्ने समय हो ।

संघियतालाई लोकतन्त्रको बलियो आधार बनाउने चारवाटा आधारभूत मान्यताहरू छन् जसप्रति राष्ट्रिय सहमति बन्नु पर्दछ ।

१. **बहुलता** - केन्द्र तथा प्रान्त दुवै सरकारको आधार बुहदलीय निर्वाचन प्रणालीमा आधारित हुनुपर्छ । कुनै पनि प्रान्तले बुहदलीय निर्वाचन प्रणालीलाई विस्थापित गर्न पाउँदैन ।

२ **निरपेक्षता-** भलै राज्यको सीमाना निर्धारण गर्दा कुनै जातीको बसोवासको घनत्व, भाषा, सभ्यता आदिलाई आधार बनाउन सकिएला तर शासन संयन्त्र निरपेक्ष हुनुपर्छ । कुनै संस्कृति, भाषा वा धर्मलाई राष्ट्रभाषा, संस्कृति वा धर्म बनाउन केन्द्र र प्रान्त दुवैमाथि प्रतिबन्ध रहन्छ । शासन संयन्त्र पूर्णतः निरपेक्ष रहन्छ ।

३ आर्थिक र सामाजिक अधिकारलाई मौलिक हकको मान्यता दिइन्छ । त्यसैले हरेक व्यक्तिलाई आर्थिक अवसरको स्वतन्त्रता र सामाजिक मर्यादाको सम्मानको हक सुनिश्चित हुन्छ ।

४. कुनै व्यक्तिले अर्को व्यक्ति भन्दा फरक हैसियत प्राप्त गर्न सक्तैन । प्रक्षेपण स्थानीय तहमा हुन्छ । जसले गर्दा प्रान्तिय सरकार शक्ति प्रक्षेपणको माध्यम मात्र बन्दछ ।

उपरोक्त आधारहरूलाई मध्यनजर राख्दा संघियता शासन शक्तिको प्रक्षेपणद्वारा राज्यका नीति र निकायको पुर्नसंरचना गर्ने लोकतान्त्रिक माध्यम हो । यसलाई कसैका हातमा शक्ति केन्द्रित गर्ने संयन्त्र बनाउन संविधानवादले स्वीकार गर्दैन । यदि संविधानले यी चारवटा आधारभूत लोकतान्त्रिक मान्यतालाई समाहित गरि केन्द्र र प्रान्तका अधिकारहरु परिभाषित गर्न सक्यो भने संधिय संरचनाको निर्माण गर्दा कसैले डराउनु पर्ने अवस्था छैन ।

सबैभन्दा आधारभूत प्रश्न त्यस अर्थमा संरचनाको ढाँचा को बहस हो । केन्द्रका अधिकारलाई परिभाषा नगरी प्रान्तका अधिकारलाई संविधानमा परिभाषित गर्ने ढाँचामा जाने वा केन्द्रको अधिकार परिभाषित गरी प्रान्तका अधिकार अपरिभाषित छाड्ने ढाँचामा जाने हो भन्ने विषयमा आठदलको छलफल हुनु आवश्यछक छ । यो छलफल नगरी निर्वाचनमा जाने क्रमले, राजनीतिक दलहरूले जातालाई संघियताको बारेमा विभाजित गर्नेछन्, र संविधानसभा संविधान लेख्ने थलो होइन लडाईको थलोमा रूपान्तरित हुने सम्भावना रहन्छ । त्यसैले यस ढाँचाको बारेमा राष्ट्रिय बहसको थालनी हुनु आवश्यक छ । यी आधारभूत प्रश्नहरूलाई विचार गर्दा

१. संघियता गणतन्त्रका आर्थिक व्यवस्थाका बारेमा एउटै साझा धारणा निर्माण गरेर निर्वाचनमा नजाने हो भने संविधानसभा खतरनाक थलो बन्नेछ ।

२. संघियता राष्ट्रलाई विभाजन गर्ने संयन्त्र होइन, यो केन्द्रीय शासनलाई ठाडो विभाजन गर्ने प्रक्रिया हो भनेर बुझिएन भने प्रान्तहरूको विभाजनमा निहित स्वार्थहरूले भूमिका खेल्ने छन् र राज्यले विभाजनको खतरा भोग्नुपर्ने छ । यस प्रश्नमा राजनीतिक दलहरूको अडान स्प्ट हुनपर्दछ र सरोकारवाला समूहहरूसँग छलफल शुरु हुनुपर्दछ ।

३. केन्द्र वा प्रान्तका अधिकार कसरी परिभाषित गर्ने भन्ने प्रश्नको निराकरण गर्न राज्यले सामाजशास्त्रीय, आर्थिक एवं भौगोलिक आधारहरूको विश्लेषण गर्नु पर्दछ ।

तर यसबारेमा राज्य उदासिन रहेको छ। राज्यले यस सम्बन्धमा एक पैसा खर्च गरेको छैन। विदेशी स.स्थाहरू यसमा सक्रिय छन्। परिणामस्वरूप नेपालीपन लोप हुने खतरा बढिरहेको छ। कुनै पनि देशको भावी संरचनात्मक ढाँचा आम जनताको सरोकारको कुरा हो। तर राज्य यस्तो सहमति निर्माण गर्न विलकुल उदासिन रहेको छ। संविधान सभाको वारेमा नागरिक शिक्षा दिन राज्यले कुनै पहल नगरेको र एकपैसा बजेट नदिएको हुँदा देश भ्रमको जालोमा फँसेको छ। भने असफलता दलहरुकै असफलता हो।

अन्तमा के भन्न सकिन्छ भने राज्यको नीति र निकायको पुर्नःसंरचना जनताको सरोकारको कुरा हो, दलहरू र संस्थाहरूको मात्र होइन। यदि रूपान्तरणको प्रक्रियालाई अगाडि बढाउने हो भने वौद्धिक नागरिकले एकजुट हुनु आवश्यक छ। वर्तमा समयमा सबै बौद्धिकहरुले आफ्ना दलका टोपीहरु फुकालेर स्वतन्त्र नागरिक भएर काम गर्नु आवश्यक छ। संविधान बनेपछि सबैले आ-आफ्ना टोपी लगाए भएकै छ। नागरिकहरुले सक्रियता निर्माण नगर्ने हो भने, हामीले बोक्ने पासपोर्ट त्यसको म्याद नसकिदै अर्थहिन हुनेछ र हामीले अलगै पासपोर्ट खोज्न थाल्नु पर्ने हुनेछ।